# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया, चैत्र ०६ गते, २०७९ साल

## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

भूउपयोग नियमावली, २०७९ को नियम १२ को उपनियम ५ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७९/१२/०५ मा जारि गरेको **कार्यविधि**/मापदण्ड/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

संवत २०७९ सालको कार्यविधि न. ०४

**गुलरिया नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९**

**आज्ञाले**

**ओमकार शाह**

**प्रमुख प्रशासकीय अधिकृत**

१.   **सङ्क्षिप्त नाम, प्रारम्भ र प्रयोगः** (क) यो कार्यविधिको नाम ' **गुलरिया नगरपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९**' रहेको छ ।

(ख) यो कार्यविधि गुलरिया नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु तथा बालविकास केन्द्रहरुमा सबै प्रकारका शिक्षकलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्ने प्रयोजनमा लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरबन्दी, स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटामा र नगर स्वयंसेवकको रुपमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापनका लागि प्रयोग हुनेछ ।

**२. परिभाषाः**

(क) 'ऐन' भन्नाले गुलरिया नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) 'शिक्षा शाखा' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ग) 'कार्यविधि'  भन्नाले शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ सम्झनुपर्दछ ।

(घ)"कामकाज" भन्नाले शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखाले गरेको सरुवा लाई बुझाउछ ।समयवधि तोकेर वा नतोकेर गरेको काज सरुवा समेतलाई बुझाउँछ ।

**३. शिक्षक व्यवस्थापनका लागि कामकाजमा खटाउने आधारहरुः**

(१) नगरपालिका क्षेत्रभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह र विषय मिल्ने भएमा मात्र नगर शिक्षा समितिको निर्णयानुसार अर्को विद्यालयमा समयावधि तोकेर वा नतोकेर शिक्षकलाई कामकाजमा खटाउन सकिनेछ ।प्राथमिक तहको हकमा कुनै विद्यालयमा दरबन्दी रिक्त भएमा वा दरबन्दी थप्नु पर्ने भएमा  नगरशिक्षा समिति वा कार्यालयको निर्णयानुसार कुनै पनि विद्यालयको शिक्षकलाई रिक्त दरबन्दीमा वा दरबन्दी सहित शिक्षा शाखाले सरुवा गर्न सक्नेछ।

(२) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकले सिफारिस गर्नुपर्नेछ ।

(३) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक र दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा शिक्षा शाखाले दरबन्दी कम भएको विद्यालयमा दरबन्दी सहित वा काज सरुवा गर्नसक्ने छ।

(४)नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण खलल परेको वा खलल पर्नसक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भइ आएमा शिक्षकलाई अन्य विद्यालयमा कामकाजमा खटाउन सकिनेछ ।

(५) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा पनि कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

(६) विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भइ उक्त विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी अन्यत्र व्यवस्थापन गर्नुपरेमा दरबन्दी आवश्यकता भएको अन्य विद्यालयमा दरबन्दी सहित सरुवा गरिनेछ।

(७) १५ दिनभन्दा बढी बिदा नगराइ विद्यालयमा अनुपस्थित रहेको र पटक पटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनी विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ ।

(८) सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा कामकाजमा खटाइ व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

(९) शिक्षकको माग अनुसार कामकाजमा खटाउदा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा बसेका र सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

(१०) शिक्षक र विद्यालयको सहमति वेगर पनि नगरपालिका भित्रका विद्यालयहरुमा ५ वर्ष भन्दा बढी समय एउटै विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई देहायको अवस्थामा नगर शिक्षा समितिको निर्णयानुसार कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सक्नेछः

क) तह, विषय र दरबन्दी मिल्नुका साथै विद्यालयको शैक्षिक अवस्था सुधारका लागि कार्य क्षमता राम्रो भइ अर्को विद्यालयमा कामकाज गर्न खटाउदा खटाइएको विद्यालयको शैक्षिक अवस्था सुधार हुने देखिएमा,

ख) कुनै विद्यालयमा दरबन्दी रिक्त हुदा तत्काल पदपूर्ती हुन नसक्ने अवस्था देखिएमा विद्यालयमा अध्यापनरत शिक्षकको अवस्था आँकलन गरी रिक्त दरबन्दी भएको विद्यालयमा अर्को व्यवस्था नहुदासम्म नगर शिक्षा समितिले कामकाजमा खटाउन मनासिव देखेमा,

ग) मिल्दो विषयमा एउटै विद्यालयमा एउटै विद्यालयमा कम्तिमा पाँच वर्ष भन्दा बढी समयदेखि अध्यापन गर्दै आएका शिक्षकहरुबीच परस्पर कामकाजमा खटाउँदा शैक्षिक अवस्था सुधार हुने देखिएमा,वा पाँच बर्ष एउटै विद्यालयमा कार्यरत शिक्षकहरुलाई नगर शिक्षा समितिले शैक्षिक अवस्था सुधारको लागि माध्यमिक तह र निम्न माध्यमिक तहको विषयगत शिक्षक वा विद्यालयका पुरै तहगत शिक्षकलाई वा प्राथमिक तहको पुरै शिक्षक वा केही शिक्षकहरुलाई कामकाजमा खटाइ शैक्षिक सुधार गर्न सक्नेछ।

घ) समयमा विद्यालयमा उपस्थित नभएमा,

ङ) बिना जानकारी पटक पटक बिदामा बसेमा,

च) विद्यालयको गोप्य सूचना अनाधिकृत रुपमा बाहिर दिएमा,

छ) शिक्षा युवा तथा खेलकुद शाखा र प्रधानाध्यापकले दिएको आज्ञा पालना नगरेमा,

ज) विद्यालयको काम र जिम्मेवारीलाई प्राथमिकता नदिई समयमै काम सम्पन्न नगरेमा,

झ) समाजमा विभाजन ल्याउने गरी राजनीतिमा सक्रिय रहेमा, निर्वाचनमा भाग लिएमा वा चुनाव प्रचार प्रसारमा संलग्न रहेमा,

ञ) कार्यसम्पादन सम्झौता बमोजिम कार्य नगरेमा,

ट) पठनपाठन गर्ने विषयको नतिजा सन्तोषजनक नभएमा,पटक पटक सुधार गर्ने मौका दिदाँ समेत सुधार गर्न नसकेमा ।

ठ) स्थायी नियुक्त भएको १ वर्ष नपुगेका शिक्षक, अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छाविपरित एक विद्यालयबाट अर्को विद्यालयमा कामकाजमा खटाइनेछैन ।तर प्रशासनिक नेतृत्व गर्ने उदेश्यले सेवा अवधी एक बर्ष कम भएको शिक्षकलाई अन्य विद्यालयमा सरुवा गर्न बाधा पर्नेछैन।

ड) प्रारम्भिक बालविकास शिक्षकको हकमा बालविकास विद्यार्थी कम भएका,शैक्षिक योग्यता र माथिल्लो कक्षा पठनपाठन गर्नसक्ने क्षमता भएका शिक्षकहरुलांई शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा व्यवस्थापन गर्न सकिनेछ ।माथिल्लो कक्षामा पठन पाठनको उदेश्यले अन्यत्र व्यवस्थापन भएका प्रारम्भिक बालविकास शिक्षकहरुलाई शिक्षा शाखाको लागि बिनियोजित बजेट अनुसार प्रोत्साहन समेत गरिनेछ ।

ढ) माथि जुनसुकै कुरा लेखिएको भएपनि नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृतको समन्वयमा शिक्षा शाखाले आवश्यकताका आधारमा जुनसुकै समयमा शिक्षक र कर्मचारीहरु तथा प्रारम्भिक बालविकास शिक्षक लाई कामकाजमा खटाउन  सक्नेछ।

**४. कामकाज खटाउने प्रक्रियाः**

क) शिक्षक व्यवस्थापन अन्तर्गत अर्को विद्यालयमा दफा ११(क) बमोजिमको अवस्था अनुसार कामकाज गर्न खटाउनको लागि शिक्षा शाखाले आवश्यकता अनुसार सरोकारवालाहरुसँग छलफल गरी शिक्षा समितिमा कामकाज खटाउने/ सरुवा हुने शिक्षकको विवरण पेश गर्नुपर्दछ ।

ख) शिक्षक कामकाजमा खटाउने कार्यविधि र प्रक्रिया पूरा भइ पेश हुने शिक्षक सरुवा विवरण नगर शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ ।शिक्षक व्यवस्थापन अन्तर्गत कामकाजमा खटाउने वा नखटाउने अन्तिम अधिकार नगर शिक्षा समितिमा निहित रहनेछ ।

ग) नगर शिक्षा समितिमा शिक्षकलाई कामकाजमा खटाउने उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ ।

घ) नगर शिक्षा समितिमा कामकाजमा खटाउने निर्णय भए पश्चात नगर शिक्षा शाखाले कामकाजमा खटाएका शिक्षकलाई कामकाजमा खटाएको पत्र उपलब्ध गराउनुपर्नेछ ।

ङ) प्रारम्भिक बालविकास शिक्षकलाई दफा १२(ड) अनुसार खटाउनको लागि शिक्षा शाखाले शैक्षिक योग्यता र पठनपाठन गर्नसक्ने क्षमता मूल्याङ्कन गर्न आवश्यक प्रक्रिया पुरा गरी शिक्षक व्यवस्थापन गर्नेछ ।

च) कामकाजमा खटिने शिक्षकहरुको सम्पूर्ण अधिकार खटिएको विद्यालयमा नै रहनेछ ।नगर शिक्षा समितिले विद्यालयको शैक्षिक व्यवस्थाको प्रभावकारिता हेरी सोही विद्यालयमा पदस्थापन गर्न सक्नेछ ।

**५. बाझिएमा हुनेः** यो कार्यविधी प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्विधिको व्यवस्था अमान्य हुनेछ ।

**६. व्याख्याः** यो कार्विधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा गुलरिया नगरपालिका नगर शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।